# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
**बबरमहल, काठमाण्डौं, नेपाल**
**Babar Mahal, Kathmandu, Nepal**

लुम्विनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९
च.नं.- २१

मितिः २०७८/५/४

श्री अध्यक्ष ज्यू,
यशोधरा गाँउपालिका,
गाँउपालिकाको कार्यालय, कपिलवस्तु।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायव महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थः
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ —प्रतिवेदन संलग्न छ ।

यशोधरा गाउँपालिका
बैदौली क.व.
दर्ता नं. ८५५१
दर्ता मिति २०७८/८/१६

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मापदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, अन्तिममा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीर्घ विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्छ्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

**स्थानीय तहको राय सहितको प्रतिवेदन**

(लुम्विनी,कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: २०७८/७९

चलानी

मिति:२०७८।५।४

श्री अध्यक्ष ज्यू,

यशोधरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कपिलवस्तु।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले यशोधरा गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, यस पालिकाको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु ४ करोड ७० लाख ९६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ३४ लाख ३५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ३० लाख ९६ हजार ,नियमित गर्नुपर्ने रु ४० लाख ६६ हजार, पेश्की बाँकी रु २ करोड ६४ लाख ९९ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्यौट नभइ कायम व्यहोरा अन्तिम प्रतिवेदन पाना ४०(चालिस) यसै साथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गांउ कार्यकारिणी, अध्यक्षज्यू र प्रमुख प्रशासकिय अधिकृत गांउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यविधले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सबै निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था सिर्जना एक्लै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायवमहालेखापरीक्षक

**यशोधरा गाँउपालिका, कपिलबस्तु**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७६।७७**

सक्षम स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपलब्ध गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमैं उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । ५ नं. प्रदेशमा अवस्थित यो गांउपालिका अन्तर्गत वडा ८, ४३ सभा सदस्य, ६७.५६ वर्ग कि.मी.क्षेत्रफल र ३८९५२ जनसंख्या रहेको छ ।

स्थानीय संचितकोष: आर्थिक वर्ष २०७६।०७७ को स्थानीय संचितकोषको आयव्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| [illegible] जिम्मेवारी | | ८८७३७१००.९१ | १ | चालु खर्च | २२९७८३६१६.९१ | २२९७८३६१६.९१ |
| [illegible] | 0 | | २ | पूँजीगत खर्च | ७४६९१७७४.१ | ७४६९१७७४.१ |
| [illegible] | ८८७३७१००.९१ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| [illegible] आन्तरिक आय) | | ९०३४५९१४.०३ | | क) ऋण भुक्तानी | 0 | |
| [illegible] आन्तरिक राजस्व | ५६२८४६९.४२ | | | ख) ब्याज भुक्तानी | 0 | |
| [illegible] बाँडफाँड | ६५८१७४४४.६१ | | | ग) अन्य भुक्तानी | | |
| [illegible] अन्य आय | १८९००००0.00 | | ४ | लगानी | 0 | |
| [illegible] अन्तरसरकारी | | २८५०४००००.०० | | ऋण लगानी | 0 | |
| [illegible] समानीकरण अनुदान | १२३२०००००.०० | | | शेयर लगानी | 0 | |
| [illegible] अनुदान | १५०३४००००.०० | | | अन्य लगानी | 0 | |
| [illegible] अनुदान | 0 | | ५ | धरौटी फिर्ता | ९१३३६५.०० | ९१३३६५.०० |
| [illegible] अनुदान | ११५०००००.०० | | ६ | कोष खर्च | ३०९३८६७.२ | ३०९३८६७.२ |
| | | | ७ | अन्तर सरकारी | | |
| [illegible] सरकारबाट प्राप्त अनुदान | | ३७०३६७५०.०० | ७ | मौज्दात | २०२६८९८०६.३५ | २०२६८९८०६.३५ |
| [illegible] समानीकरण अनुदान | ४५६८०००.०० | | | क) नगद मौज्दात | | |
| [illegible] अनुदान | ९००००००.०० | | | ख) बैंक मौज्दात | २०२६८९८०६.३५ | |
| [illegible] अनुदान | ११२५००००.०० | | | चालु खर्च | 0 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| [illegible] | ८६००००.०० | | | पूजिगत खर्च | 0 | |
| [illegible] | ३६१८७५०.०० | | | | | |
| [illegible] | ० | ० | | संचित कोष | १९९४९४९५०.५५ | |
| [illegible] | 0 | | | मर्मत सम्भार कोष | ० | |
| [illegible] | | | | प्रकोप व्यवस्थापन | ५२४८८२.८ | |
| [illegible] | | | | कर्मचारी कल्याण कोष | ४०००००.०० | |
| [illegible] | | | | धरौटी | २२६९९७३.०० | |
| [illegible] | | | | | | |
| [illegible] | ४०००००.०० | ४०००००.०० | | | | |
| [illegible] | 0 | | | | | |
| [illegible] प्राप्त रकम | २९६०००.०० | २९६०००.०० | | | | |
| [illegible] | ३१६१८१०.२५ | ३१६१८१०.२५ | | | | |
| [illegible] | 0 | | | | | |
| [illegible] | २४१००४८.०० | २४१००४८.०० | | | | |
| जम्मा | ५०७४२७६२३.१९ | ५०७४२७६२३.१९ | | जम्मा | ५१११७२४२९.५५ | ५१११७२४२९.५५ |

| भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- |
| वित्तीय लेखापरीक्षण वाट देखीएका व्यहोरा देहाय वमोजिम छन् । | |
| **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>- स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ३७४४८०६।३६ ले फरक देखिएको छ ।पालिकाले बैंक समायोजन हिसाब अनुसार चेक साट्न वाँकी रहेको कारण पेश गरेको छ।<br>- लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहको पेश्की यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| **जिम्मेवारी फरक परेको**–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु १९९४९४९५०।५५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा पनि सोही रकम जिम्मेवार सारेको देखीयो । जिम्मेवारी सारेको रकम फरक छैन । | |
| **बैंक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ता र वैक मौज्दात विच रु ३७४४८०६।३६ फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु | ३७४४८०६ |
| **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।<br>१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । | |

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नु पर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खाता, पुजीगत खर्च खाता र विभाज्य कोष समेतको मौज्दात शुन्य राखेको पाईयो ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो। जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेकोले जिन्सी व्यवस्थापन को अवस्था सम्वन्धमा एकीन हुन सकिएन ।
- साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।
- अधिकांश सडक तथा कुलो /नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरुलाई अनिवार्य गर्नुपर्दछ ।
- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।यस पालिकाका कतिपय गोश्वरा भौचरहरु सिलसिलेवार नरहेको र अगाडीको मितिमा तयार गरेको समेत देखिएकोले सो मा सुधार हुनुपर्दछ ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त योजना तयार गरेको देखीएन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्रीको मूल्य , ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन भएका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ८६ जनाको दरबन्दी रहेकोमा करार समेत ४९ जना पूर्ति भइ १७ जना दरबन्दी रिक्त रहेको पाईयो ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता भुक्तानि गर्नुपर्नेमा तलवी प्रतिवेदन पारीत वेगर पालिकाले यस वर्ष उक्त शिर्षकमा १४९७९०००।०० खर्च लेखेको पाइयो ।
- पालिकाबाट सञ्चालित सवै कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने गरेको छैन ।
- पालिकाले आफ्नो सवै आर्थिक कारोवार समावेश हुने गरी एकीकृत वार्षिक आय व्ययको विवरण तयार गर्नु पर्नेमा उक्त विवरण तयार गरेको नपाइएकोले पालिकाको यथार्थ आय व्ययको एकिन गर्न सकीएन ।
- पालिकाद्धारा सञ्चालित कार्यक्रम र योजनाहरुको स्थलगत अवलोकन नगरिएकोले कार्यान्वयन भएका योजनाको वास्तविक अवस्थाको सम्वन्धमा एकिन हुन सकिएन ।
- पालिकाद्धारा इन्धन खर्चमा यस वर्ष रु १८०००००।०० र मेशिनरी औजार मर्मत मा रु ३९८०००।०० खर्च लेखेको छ । इन्धन खर्चको प्रयोजन देखिने गरि लगवुक राखेको देखिएन र मर्मत अभिलेख खाता समेत राखेको नदेखीएकोले उक्त अभिलेख राखी खर्च लाइ मितव्ययी र व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत

| | | |
|---|---|---|
| | कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>साथै पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह [illegible] बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता [illegible] असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| | **बजेट तथा कार्यक्रम** | |
| | **बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका प्रमुखले २०७७।३ ।१० मा रु. ४० करोड [illegible] लाख [illegible] हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३ ।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| | अवण्डा बजेट :स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा वमोजिम स्थानिय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सिमा निर्धारणका आधारमा अवण्डा राखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्ययवस्था छ । यस स्थानिय तहले यो वर्षको शुरु बजेट विनियोजनमा गाउपालिका स्तरमा ७० लाख र वडा स्तरमा ३९ लाख समेत जम्मा रु १ करोड ९ लाख बजेट अवण्डा राखेको छ । उक्त अवण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णय वाट खर्च गरेको छ । बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयवाट खर्च गर्ने गर्दा वजेटको सिद्रान्तको पालना नहुने ,जनताको आवश्यकताको र प्राथमिकताको पहिचान नहुने कार्यक्रमको छनौट जथाभावी हुन सक्ने उत्पादनमा वृद्धि हुने कार्यक्रम भन्दा वितरण मुखी कार्यक्रमको छनौट हुन गइ स्रोतको दुरुपयोग समेत हुन सक्ने सम्भावाना रहने हुदा यस्तो प्रक्रियामा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट उपशीर्षकको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा | |

प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उक्त समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

बजेट खर्च संरचना पालिकाले यस आर्थिक वर्षको लागि रु. ४० करोड ६२ लाख ५५ हजार बजेट पेश गरेको छ । बजेटको संरचना अनुसार रु. १२ करोड ७२ लाख ४१ हजार चालु खर्च र ५करोड ८७ लाख [illegible] हजार भएको आर्थिक विवरण पेश भएको छ । चालु कार्यक्रम तर्फका विषयगत शाखा, कृषि, स्वास्थ्य शिक्षा, महिला विकास र लक्षित वर्गका कार्यक्रम समेत पूजीगत शीषार्कबाट खर्च भएको छ । पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने तथा उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नु पर्नेमा चालु प्रकृतिका खर्चलाई पूँजीगत शीर्षकमा समावेश गरेको छ । सुत्रमा प्रविष्टी गर्दा एक मुष्ट रकम पूँजीगत शीर्षक मा प्रविष्टी भएको कारण चालु र पूँजीगत खर्चको यथार्थ संरचना बजेटले प्रस्तुत गर्न नसकेको कार्यालयको भनाइ रहेको छ ।

बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

भुक्तानी बाँकीको दायित्व - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले व्यहोर्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखानियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नु पर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई भुक्तानी दिन बाँकी रहेको बिबरण र भुक्तानि [illegible] भएको देखीएन।

नीति तथा मार्गदर्शनः पालिकाको आ.व. २०७६।०७७ को नीति तथा मार्गदर्शन २०७६ असारमा छैठौं गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरु मध्ये कतिपय व्यहोराहरु यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँ सभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरुको कार्यान्यनको लागि पालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरु कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्:

- भू-उपयोग नीति बनाई कृषि, खानी, जडिबुटी, व्यापारिक, बस्ती आदी क्षेत्रको बर्गिकरण गरी भूमिको बैज्ञानिक व्यवस्थापन गर्ने,
- सार्वजनिक जग्गाको एकिन गरी छुट्याईने,
- सार्वजनिक स्थानको अभिलेखिकरण र संरक्षण गर्ने,
- कृषि उत्पादन बृद्धिको लागि प्रत्येक वडामा नै माटो परीक्षण गर्ने
- पर्यटन प्रवर्धन तथा विकासको लागि पर्यटन गुरुयोजना निर्माण गर्ने,
- पालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान गरी विकासमा जोड दिने,
- Eco-Tourism को अवधारणालाई आत्मसात् गर्दै पर्यावरण हराभरा बनाउँदै भू-क्षय तथा जथाभावी माटो खन्ने तथा ओसारपसार माथि नियमन गर्ने

पालिका भित्र कम्तिमा एउटा प्राविधिक शिक्षालय स्थापनाको लागि पहल गर्ने.

महिनाको एक दिन श्रमको अवधारणा अनुसार प्रत्येक महिनाको तोकिएको निश्चित दिनमा सबै शिक्षक. कर्मचारी तथा जनप्रतिनिधीले सार्वजनिक हित जस्तैः सरसफाई, बृक्षारोपण, निर्माण आदि जस्ता सार्वजनिक कार्यक्रमहरुमा अनिवार्यरुपमा श्रम गर्नुपर्ने नीति अवलम्बन गर्ने.

पालिका भित्रका सम्पूर्ण सरकारी,अर्धसरकारी वा निजी भवनहरुको लागि Color Code लागु गर्ने

समग्र विकासको लागि विज्ञहरुको समूह Think Tank को अवधारणा ल्याउने ।

**योजनाहरु कार्यान्वयन नभएको:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी आषाढ मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०७६।७७ को लागि रू. ४० करोड ६२ लाख ५५ हजार बजेट पारित गरेको छ बजेटमा समावेश भएका कुल २३० बटा आयोजना मध्ये यस वर्ष २१ कार्यक्रम हरु कटौती गरि रु १ करोड ९६ लाख ५० हजार प्रकोप व्यवस्थापन कोषमा ट्रान्सफर गरेको पाइयो तर कटौती भएका उक्त कार्यक्रमहरुको विवरण पेश हुन आएन ।

कार्यालयको भनाइः कोभिड १९ महामारीको कारण उपरोक्त योजनाहरू कार्यान्वयन गर्न नसकिएको कार्यालयको भनाइ रहेको छ ।

**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

रु हजार

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| पुँजिगत खर्चतर्फ | ६५३७९ | २०० | ३८ | ६१३७९ | ४९५०४ |
| प्रतिशत | | ०.३० | ०.०५ | ९९.२ | ७५.७१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ६ करोड ५३ लाख ७९ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. २ लाख अर्थात ०.३० प्रतिशत, दोश्रो चौमासिकमा रु. ३८ हजार अर्थात ०.०५ प्रतिशत र तेस्रो चौमासिकमा रु.६ करोड १३ लाख ७९ हजार अर्थात ९९.२ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र ७५.७१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।यसरी आर्थिक वर्षको अन्तयमा खर्चको चाप अस्वभाविक बढ्नाले कामको गुणस्तरमा कमी आउने सक्ने , जनताले समयमै सेवा पाउने अवसर वाट वञ्चित हुन सक्ने र आर्थिक अनियमितता समेत हुन सक्ने जोखिम रहने हुदा स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रु हजार

| मुख्यक्षेत्र | वार्षिकवजेटअनुमानित | खर्चरकम | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिकविकास | ३०५६२ | १६३०१ | ३.१७ |
| सामाजिकक्षेत्र | १९८४५४ | १३२८०७ | २५.८६ |
| पूर्वाधारविकासक्षेत्र | १३४२४७ | ३८९८६ | ७.५९ |
| वातावरणतथाविपद्व्यवस्थापन | ० | ० | ० |
| संस्थागतविकासरसेवाप्रवाह | ७६४६७ | ४९६४२ | ९.६६ |
| वित्तीयव्यवस्थापनरसुशासन | ० | ० | ० |
| कार्यसञ्चालनतथाप्रशासनिकखर्च | ७३७८१ | ५३०१७ | १०.३२ |
| जम्मा | ५१३५११ | २९०७५३ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी २५.८६ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी ३.१७ प्रतिशत रहेको छ ।समग्र वजेटको सरचनामा आर्थिक विकासको क्षेत्रमा सवै भन्दा घटि रकम विनियोजन भइ खर्च हुनु लाइ सन्तोषजनक मान्न सकिएन ।

**खर्च विश्लेषण:** पालिकाले गत वर्षको अल्या रु ८८७३७१००।९१ र यसबर्षको कुल आन्तरिक आयबाट रु. ३६२८४६९।४२ राजस्व बाँडफाँड र अनुदानबाट ३८७८९४१९४।६१ समेत जम्मा रु ३०७४२७६२३।१९ आम्दानी भएकोमा चालु तर्फ रु. २२९७८३६१६।९१ र पूँजिगत तर्फ रु ७७६९१७७४।1 समेत जम्मा रु ३०७५६९२५८।२१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।८२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ७००२०००।- खर्च भएको छ जुन आन्तरिक आयको ८०।३८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९।२३ प्रतिशत चालु र १९।२५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

**लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष सञ्चालित विभिन्न कार्यक्रमको प्रगति निम्न अनुसार छ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २३० | १३० | २ | २० | ७८ |

उल्लेखित विवरण अनुसार कूल २३० कार्यक्रम मध्ये शून्य प्रतिशत प्रगति भएका १३० पचास प्रतिशत सम्म २२ लगायत अधिकाश कार्यक्रमको प्रगति न्यून रहेकोले आवश्यकता र प्राथमिकताको आधारमा कार्यक्रमको छनौट गरी शतप्रतिशत प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

**ठेक्का व्यवस्थापन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने,

| | | |
|---|---|---|
| | ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट २३ वटा ठेक्का सम्झौता गरेकोमा प्रथम चौमासिकमा शुन्य दोस्रो चौमासिकमा १० वटा र तेश्रो चौमासिकमा १३ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी अन्तिम चौमासिकमा मात्र ठेक्का सम्झौता गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको व्यवस्थाको पालना हुनु पर्दछ । | |
| | **ठेक्काको विवरण**- निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ । | |
| | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९६ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५० जना (करार समेत) पदपूर्ती भइ ४६ पदहरु रिक्त रहेका छन् । रिक्त पदहरु पूर्ति गर्न सम्वन्धित निकायले पहल गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १५ जना कर्मचारीहरु करारमा राखि सेवा र परामर्श खर्च शिर्षक वाट रु ४३७२७१०।०० खर्च लेखेको छ।<br>साथै गाउपालिकाको रिक्त दरवन्दी मा भर्ना गरीएका करार सेवाका कर्मचारीहरु स्वीकृत दरवन्दी भन्दा १० जना वढि भर्ना गरी यस वर्ष रु २३९१६६०।०० खर्च लेखेको देखीएकोले दरवन्दी भन्दा वढी कर्मचारीको पारिश्रमिक असुल हुनुपर्ने रु | २३९१६६०.० |
| | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष उक्त कोषमा रकम ट्रान्सफर गरेको देखिएन। उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । ऐनको व्यवस्था बमोजिम योगदानमा आधारित अवकास सुविधा सम्वन्धी कानून तर्जुमा गरी लागू गर्न आवश्यक देखिन्छ | |
| | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।<br>(क) स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन भत्ता वापत रू. १४६७६५४ खर्च लेखेको | |

कारण आर्थिक व्ययभार बढ्न गएको नियम सम्मत देखिएन । — १४६७६५४.

(ख) जोखिम भत्ता वापत विभिन्न प्राविधिक तथा प्रशासनिक कर्मचारीहरु लाइ यस वर्ष कुनै पनि रकम भुक्तानि खर्च लेखेको देखीएन ।

(ग) पालीकाले यस वर्ष गाउँसभा सञ्चालन वापत रु १३१८०००।०० खर्च लेखेको छ ।

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

**वडा सचिवको पदपूर्तिः** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नु पर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ८ | ० |

**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार नगरपालिकाले हाल सम्म १५ वटा ऐन, ३ वटा नियमावली १० बटा कार्यविधि र २ वटा निर्देशिका समेत जम्मा ३० वटा कानून निर्माण तथा स्वीकृत गरी राजपत्रमा समेत प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्रासभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १३७५ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता मुत्युदर्ता | १५७६ |
| बसाईसराई दर्ता | १९ |
| विवाह दर्ता | ५८९ |
| सम्बन्धविच्छेद दर्ता | ३ |
| **पूर्वाधार विकास सडक निर्माण किमि** | |
| कालोपत्रे सडक निर्माण | ०।१३ |

| | |
|---|---|
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ३।८६ |
| ग्राभेल सडक मर्मत | २।५ |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

**योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १९ | १७ | ३१ | १७ | १६ | १०० |

उल्लेखित विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि १० लाख सम्मका जम्मा १०० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका १९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धैरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट खुद्रा प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर समेत पर्न सक्ने हुदा यस तर्फ ध्यान दिनु पर्दछ ।

**कानून निर्माण एवं कार्यान्वयन**

**कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार नगरपालिकाले हाल सम्म १५ वटा ऐन, ३ वटा नियमावली १० बटा कार्यबिधि र २ वटा निर्देशिका समेत जम्मा ३० वटा कानून निर्माण तथा स्वीकृत गरी राजपत्रमा समेत प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ ।

**निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । नगरपालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता ल्याउन सक्ने देखिएन ।पालिकाले कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

पालिकाले कृषि औजार, ह्याण्ड पम्प, सिंचाइ बोरिङ जडान, फलफुल विरुवा, मौरीघार लगायतका सामग्री वितरण तथा फलफुल नर्सरी अनुदान लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरुलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण सम्वन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा पालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ ।

| | |
|---|---|
| | **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५५ र यो बर्ष थप भएको ५२ गरी कुल १०७ विवाद दर्ता भएकोमा ३३ वटा फछ्र्यौट भई ७४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । |
| | **आन्तरिक लेखापरीक्षण-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्य दक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ। |
| | **आन्तरिक लेखापरीक्षण शाखाः** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्ने व्यवस्था रहेको मा पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको छ। |
| | **पदाधिकारी पारीश्रमिक** |
| | **पदाधिकारी पारीश्रमिक-** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार लुम्बिनी प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा २०७६ श्रावण देखि असोज सम्मको निम्नानुसार रु १४३४०००।०० खर्च लेखेको देखिन्छ ।<br>साथै उक्त ऐनको दफा १५ मा भएको व्यवस्था वमोजीम उक्त सुविधाहरुको विवरण तिन तिन महिनामा सम्वन्धित स्थानिय तहले सार्वजनिक समेत गर्न पर्ने व्यवस्था रहेकोमा सार्वजनिक गरेको पाइएन । |

| सि.नं. | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष ८ | कार्यपालिका सदस्य २ | सभाका सदस्य ३१ जना | कुल खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३०००० | २७०००.०० | २००००.०० | २००००.०० | ७०००.०० | १४३४०००.०० |

| | |
|---|---|
| | **बैठक भत्ता–** लुम्विनि प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । पालिकाले पदाधिकारी सुविधा सम्बन्धी कानूनले तोके वमोजिम भनी यस वर्ष सभा, कार्यपालिका, वडा लगायतको बैठक भत्ता वापत रु २०४०,०००।०० खर्च लेखेको छ । पालिकाको यस वर्ष के कति सख्यामा वैठक वसेको हो सो को विवरण पेश नभएकोले सो सम्वन्धमा एकीन हुन सकीएन । |
| | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था |

अनुसार पालिकाबाट यस वर्ष देहाय बमोजिम रु.५५६८०००।०० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख | उप प्रमुख | वडाअध्यक्ष जना ८ | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २७ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १०५०० | १०५०० | २८५६०० | २१४२०० | ६८०४०० | १२०१२०० |
| २ | यातायात खर्च | ० | ० | ० | ३२४००० | ७२९००० | १०५३००० |
| ३ | टेलिफोन मोवाइल | ३१५०० | २७००० | २१६००० | १६२००० | ६०७५०० | १०४४००० |
| ४ | पत्रपत्रिका इन्टरनेट | ३६००० | ३६००० | २१६००० | १६२००० | ४८६००० | ९३६००० |
| ५ | जनसम्पर्क | ९०००० | ७२००० | ४३२००० | २७०००० | ७२९००० | १५९३००० |
| ६ | अतिथि सत्कार | ५४००० | ४५००० | २८८००० | ० | ० | ३८७००० |
| ७ | खानेपानी/बिजुली/ | ९०००० | ९०००० | ० | | | १३६८००० |
| ८ | मर्मत संभार | ० | ० | ० | ० | ० | ० |
| ९ | चाडपर्व खर्च | १५००० | १५००० | ९६००० | ६०००० | १८९००० | ३७५००० |
| | जम्मा | ३१६५०० | २९५५०० | १५३३६०० | ११९२२०० | ३४२०९०० | ६७६९२००।०० |

स्थानिय पदाधिकारी तथा सदस्य हरुको सुविधा सम्वन्धी ऐन २०७७ मा व्यवस्था भए अनुसार यस गाउँपालिकाका जनप्रतिनिधी हरुले माथी उल्लेखीत सुविधाहरु कात्तिक महिना देखी लिएको देखीन्छ । तर उक्त ऐन २०७७/३/८ मा मात्र निर्माण भइ कार्यान्वयनमा आएकोले कानून निर्माण हुनु पूर्व लिएको सुविधा अनियमित देखीन्छ ।

संचार खर्चः स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ५ मा पदाधिकारी तथा सदस्यले टेलिफोन र मोवाइल फोन रिचार्ज वापत गाउपालिका पदाधिकारीहरुलाइ तोकीए बमोजिमको दरले सुविधा पाउने व्यवस्था छ । पदाधिकारीहरुले उक्त सुविधा एकमुष्ठ हिसाव गरी भुक्तानी लिने गरेकोमा पुनः गोश्वारा भौचर नं ६६ मिति २०७६।८।२५ वाट उपाध्यक्ष लाइ रु ८००० भुक्तानि दिएको देखिएकोले मोवाइल रिचार्ज खर्च भनी दोहोरो खर्च भुक्तानी रकम असुल गर्नुपर्ने रु ८०००.००

**बन सवारी साधन भाडा** गाउपालिकाको नाउमा एक थान चार पाङग्रे सवारी साधन रहेकै अवस्थामा पुन अर्को एक थान चार पाङग्रे सवारी साधन विभिन्न मितिमा पट्के रुपमा भाडामा लिइ यस वर्ष रु ४८९०००।०० भुक्तानि गरेको देखियो। कार्यलयमा सवारी साधन रहेकै अवस्थामा थप गाडी भाडामा लिनुको आधार प्रमाण पेश गर्न । ४८९०००

**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ तर पालिकाले यस वर्ष विविधतर्फ रु. १८२००००।- खर्च गरेको छ । उक्त विविध खर्चको नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

**आर्थिक सहायता–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मास्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा,

पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन । तर पालिकाले यस वर्ष रु. ३६९०००।०० आर्थिक सहायता राजश्व वाडफाड शिर्षक वाट वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

**अनुदान फिर्ता, वितरण र उपयोग**

**अनुदान फिर्ता**– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने शसर्त समपुरक र विशेष अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । २०७७ असार मसान्तमा सबै अनुदान खर्च नभई बाँकी रहेको रु ५५६२५९७८।४२ (संघीय सरकार तर्फ) मध्य मिति २०७७।६।५मा रू.५५६१८६७४।०० मात्र फिर्ता भएको ले वाकी रु ७३०४।४२ फिर्ता हुनु पर्ने रु ७३०४.४२

प्रदेश सरकार तर्फ मिति २०७७।६।५ मा रु १६९२३६०३।०० फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १५०३४०००.०० | १०६२१४०२२.०० | ४४१२५९७८.०० |
| | विषेश | ११५०००००.०० | ० | ११५०००००.०० |
| | समपुरक | ० | ० | ० |
| | अन्य | ० | ० | ० |
| प्रदेश सरकार | शसर्त | ९०००००० | ४९३२८५०.०० | ४०६७१५०.०० |
| | विषेश | ५२००००० | ३८२७५२९.०० | १३७२४७१.०० |
| | समपुरक | ११२५०००० | ० | ११२५००००.०० |
| | अन्य | ३४००००० | ३१६६०१८.०० | २३३९८२.०० |
| **जम्मा** | | **५५३८४०००** | **११८१४०४१९** | **७२५४९५८१** |

**अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।

**नाफामूलक संस्थालाई अनुदान**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनु पर्दछ ।यस स्थानीय तहले यो वर्ष साझा न्यूज तौलिहवा ,साथि संस्था कपिलवस्तु, वार एसोसियसन, शान्ति पुन स्थापन गृह लगायत विभिन्न ८ वटा संस्थालाइ सहयोगका लागि रु ३७३९८८।०० अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

**वितरणमुखी कार्यक्रम** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा

खर्च गर्नुपर्दछ । यस नगरपालिकाको आ व २०७६।७७ को पुँजीगत बजेट शीर्षकबाट विभिन्न पर्व तथा दिवस महोत्सव सचेतना कार्यक्रम सास्कृतिक लगायतका कार्यक्रममा खर्च गरको पाइयो ।। पालिकाले केन्द्रिय अनुदान बाट प्राप्त अनुदान वाट यस शिर्षकमा वजेट विनियोजन र खर्च गरेको देखीएकोले यस्ता खर्च नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

४४ **बार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ५ करोड ८७ लाख ९२ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४५ **सवारी साधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले दुइ थान मोटरसाइकल खरीद गरी रु ५९३५००।०० ,राजश्व वाडफाड शिर्षक वाट खर्च लेखेको छ ।

**कर दस्तुर एवं आन्तरिक आय**

४६ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ३० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. ५६ लाख २८ हजार आय प्राप्त गरेको छ । आम्दानीका वास्तविक स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४७ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

रु हजार

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३१८४५८ | ५६२८ | १.७६ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४८ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर वहाल विरौटी शुल्क लगायतका कर तथा शुल्क

असुल गर्न सक्ने व्यवस्था रहेको छ ।पालिकाले उक्त ऐन अनुसार यस वर्ष उक्त आय शीर्षकमा आय अनुमाननै नगरी असुली गरेको स्थितिले वास्तविक आयको अनुमान र सो अनुसारको प्रगति प्रतिशत एकीन गर्न सकिएन । आय असुलीको स्थिति निम्नानुसार रहेको देखिन्छ । रु हजार

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ११०० | ८०० | ७२.७३ |
| घर जग्गा बहाल कर | १५० | १२७ | ८४.७३ |
| बहाल बिटौरी कर | ० | ० | ० |
| व्यवसाय कर | ८० | ४१ | ५१.१२. |
| अन्य दस्तुर | १६७० | ४६६० | |

पालिकाले आफ्नो क्षेत्र भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नगरेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी सो को आधारमा आयको वास्तविक अनुमान र असुल गर्नु का साथै सवै कर दातालाइ करको दायारामा ल्याउनु पर्दछ ।

१९ **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको देखिन्छ । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) ३ थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको छ। तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मा पदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था देखियो । पालिकाले यस वर्ष उक्त कर वापत आम्दानि गरेको देखिएन ।

२० **मूल्य अभिवृद्धि कर कट्टी–** आर्थिक ऐन, २०७६ लेगरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनु पर्ने उल्लेख छ । तर पालिकाले उषा निर्माण सेवा लाइ सडक निर्माण वापत रु १००२६९६।७२ भुक्तानी गर्दा सो को मू अ कर रु १३०३५०।५७ मा नियमानुसार ५० प्रतिशत रकम रु ६५१७५।२८ कट्टी नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले सो को मु अ कर समायोजनको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु १३०३५०.५७

२१ **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।पालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण पालिका र वडा कार्यालयमा प्रयोग गरेका रसिद ठेली हरु के कति छपाइ एव प्रयोग भए सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी रसिद ठेलिहरु के कति प्रयोग भए एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्बन्धमा तहाँ पालिकाबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण खाता राखी राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने तर्फ विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

| | | |
|---|---|---|
| ३२ | **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ ।पालिकाले यस वर्षको आन्तरीक आय रु ५६२८४६९।४२ दाखिला गरेको देखीएको छ। कार्यालय अन्तर्गत ८ वटा वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको पालिकाले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । पालिकाले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम नियमावलीको व्यवस्था अनुसार समयमै बैकमा दाखिला गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ । | |
| ३३ | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा सवारी साधन कर असुल गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष उक्त सवारी कर उठाउने गरेको देखीएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ३४ | **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको छैन। यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३५ | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ४०८९५ कर संकलन गरेको छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३६ | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्कहरु उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३७ | **लागत सहभागिता—** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित | |

स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भए पछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नु पर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्दछ ।

१८ **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम मा (९) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

१९ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट निर्माण, सडक ग्राभेल लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो भौ न | कामको विवरण | भुक्तानि रकम | उपभोक्ता समिति |
|---|---|---|---|
| १।०७७।३।२८ | सडक कालोपत्रे | २८०७२८३।०० | उ स |
| ५।०७७।३।२८ | सडक ग्राभेल | १६७६४६६।०० | उ स |
| ७।०७७।३।२८ | नाला निर्माण | ९०४९४४।०० | उ स |
| ९४।०७७।३।२२ | सडक ढलान | ६९८१४९।०० | उ स |
| ६१।०७७।३।१४ | नालि निर्माण | ३९७८७१।०० | उ स |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२० **सम्झौता अनुसार कार्य नभएकोः** उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नु पर्दछ । तर पालिका र उपभोक्ता समितिहरु बीच रु ७७८४४८२।०० को कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष रु ६८०४१४७।३६ को मात्रा कार्य भएको पाईयो । सालबसाली रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको साथै आ.व. २०७७।७८ मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाईएन ।यसका केही उदाहरणहरु निम्नानुसार छन ।

तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिको छनौट र सम्झौता अनुसार कार्यसम्पन गर्नु पर्ने देखिन्छ ।

| सि न | कामको विवरण | सम्झौता रकम | कार्य सम्पन्न रकम |
|---|---|---|---|
| १ | बञ्चालाल अधार भुत बि. मर्यादपुर भवन निर्माण | १५४८१५५.३१ | १३६४५११ |
| २ | जगन्नाथ अधारभुत बि. कोपवा भवन निर्माण | १५६०९६८. | १३३१७३७ |
| ३ | बासुदेव जन्ता मा.बि. रगंपुर भवन निर्माण | १५५७७३१.६१ | १३८८३९३.३६ |
| ४ | लोकतान्त्रिक आधारभुत बि. भवन निर्माण भडेहर | १५५५९०६.६१ | १३४५००१ |

| | | | |
|---|---|---|---|
| ५ | कृष्णधार्मिक मा.बि. भवन निर्माण | १५६१७२१.६८ | १३७४५०५ |
| ६ | कुलो निर्माण | १०२६३९० | २३१५९२ |
| ८ | अनिरुद्ध प्र उ मा वि भवन निर्माण | १०७७८९७ | ६४०४४६ |
| ८ | ५ न वडा वर्थिङ सेन्टर निर्माण | २१५५८८१ | ११२८६७३ |
| | **जम्मा** | १२०४४६५०।६० | ८८०४८५८।३६ |

८१ **सम्झौतामा उल्लेख भएको भन्दा फरक सामाग्रीको प्रयोग :** १०।०७७७।३।३०, ५ न वडा वर्थिङ सेन्टर निर्माणका लागी उपभोक्ता समिति सग पालिकाको रु १९४००००।०० समेत जम्मा रु २१५५८८१।२१ मा मिति २०७७।३।०८ मा सम्झौता भइ मिति ०७७।३।२३ मा सम्पन्न गर्ने गरी कार्यदिश भएकोमा निम्नानुसार व्यहोरा देखियो ।

- उक्त कार्यका लागी रु २१५५८८१।२१ मा सम्झौता भएकोमा जम्मा रु १२२०७४८।३० मात्र कार्य गरी घटी परिमाणमा कार्य गरेको देखियो ।
- आइटम न ६ मा वर्थिङ सेन्टर को झ्याल र ढोकाको काममा सालको काठ प्रयोग गर्ने भनी उल्लेख भएकोमा सो को स्थलगत अवोलकन गर्दा फरक जातको काठ प्रयोग गरेको देखियो ।
- मिति २०७७।३।०८ मा सम्झौता भइ मिति ०७७।३।२३ मा सम्पन्न गर्ने गरी कार्यदिश भएकोमा कार्य अवधि छोटो देखिएकोले सो को गुणस्तरमा समेत आवश्यक जांच हुनुपर्दछ ।

सो को नाप जांच तथा विलमा सालको काठनै उल्लेख गरी रु १०३४९३।८८ भुक्तानि भएको देखिएकोले उक्त कार्यमा संलग्न लाइ जिम्मेवार वनाइ सम्वन्धित उपभोक्ता समिति वाट उक्त रकम असुल हुनुपर्ने रु १०३४९३.८८

८२ **वढी भुक्तानि :** ३।२०७७।३।२८ मा अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।वदौलि देखी परसोहिया सम्म सडक स्तरोन्नती का लागी उपभोक्ता समितिलाइ विल अनुसार रु १६२३८८९।०० भुक्तानि हुनु पर्नेमा रु १८०४३२०।०० भुक्तानि भएकोले वढि भुक्तानि रु १८०४३१।०० असुल गर्नुपर्ने रु १८०४३१.

**सशर्त कार्यक्रमतर्फ**

८३ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

**फाराम – १६ शिक्षक दरबन्दी र पदपूर्ति विवरण**

| सि.नं. | विद्यालयको नाम | शिक्षकदरदी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थीसख्या |
|---|---|---|---|---|---|
| १ | श्री अनिरुद्ध पब्लिक मा.वि. | १३ | १० | ३ | १०६२ |
| २ | श्री बासुदेव जनता मा.वि. | ९ | २ | ७ | ६८३ |
| ३ | श्री कृष्णधार्मिक मा.वि. | ४ | ३ | १ | ४५९ |
| ४ | श्री नेपाल राष्ट्यि मा.वि. | ४ | ३ | १ | ६०९ |
| ५ | श्री राघवेन्द्र आधारभूत वि. | ५ | २ | ३ | १६० |
| ६ | श्री शान्ति आधारभूत वि. | ४ | ३ | १ | २३२ |
| ७ | श्री पशुपति शिक्षा मन्दिर आ.वि. | ० | ० | ० | २६५ |
| ८ | श्री जगन्नाथ आ.वि. | ५ | २ | ३ | ३८४ |
| ९ | श्री राष्ट्यि आ.वि. | ४ | २ | २ | ३७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | श्री राष्ट्रिय जनजागृती आ.वि. | ३ | ३ | ० | १०४ |
| ११ | श्री सिद्धार्थ आ.वि. | २ | ० | २ | २४४ |
| १२ | श्री पुर्निहवा आ.वि. | ३ | १ | २ | २०१ |
| १३ | श्री सिताराम आ.वि. | १ | १ | ० | १०२ |
| १४ | श्री रघुनाथ आ.वि. | १ | ० | १ | १०४ |
| १५ | श्री जनता आ.वि. | ० | ० | ० | १५० |
| १६ | श्री किसान आ.वि. | २ | १ | १ | १४६ |
| १७ | श्री दाउद सिद्धिकिया आ.वि. | १ | १ | ० | १२३ |
| १८ | श्री जनसेवा आ.वि. | १ | १ | ० | १३३ |
| १९ | श्री ज्योति आ.वि. | ० | ० | ० | १११ |
| २० | श्री लोकतान्त्रिक आ.वि. | ० | ० | ० | ११३ |
| २१ | श्री सरस्वती आ.वि. | २ | ० | ० | १८६ |
| २२ | श्री बच्चालाल आ.वि. | ० | ० | ० | १२९ |
| २३ | श्री गौतम बुद्ध आ.वि. | ० | ० | ० | १६८ |
| २४ | श्री गौसिया मिस वाहूल आ.वि. | ० | ० | ० | २०७ |
| २५ | श्री हिरा पिंगल आ.वि. | ० | ० | ० | १५६ |
| २६ | श्री जनप्रिय आ.वि. | ० | ० | ० | ७० |
| २७ | श्री अहिले सुन्नत चित्सीया आ.वि. | ० | ० | ० | ९० |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

६४ **विद्यालयगत निकासा खाताः** अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । पालिकाले आफु मातहत संचालनमा रहेका आधारभुत तथा माध्यमिक तहका बिद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ताको चौमासिक निकासा अभिलेख, अवकाश प्राप्त शिक्षकहरुको बिवरण र तोकिएको ढाँचामा विद्यालयगत निकासा खाता लगायतका अभिलेख राखेको नदेखीएकोले उक्त अभिलेखहरु तोकीएको ढाँचामा व्यवस्थित गरी राख्नु पर्दछ ।

६५ **तलबी प्रतिवेदन र शिक्षक अभिलेखः-** कार्यालयले नगरपालिका अन्तरगतका शिक्षकहरुको तलबी प्रतिवेदन हरेक वर्षकको वैशाख महिना देखि पारित गराएर खर्च लेख्नु पर्ने र विद्यालयगत शिक्षकहरुको दरबन्दी, नियुक्ति, ग्रेडवृद्धि समेतको अभिलेख राखिएको हुनु पर्दछ । तर कार्यालयले २०७६/०७७ को तलबी प्रतिवेदन पारित नै नगरि शिक्षकहरुको तलब भत्ता निकासा दिएको देखियो । यसबाट दरबन्दी, ग्रेड समेतका निकासा यकिन हुन सकेन । अतः तलबी प्रतिवेदन पारित नै नगरी तलब भत्ता निकासा दिने कार्य नियन्त्रण गरिनु पर्दछ ।

६६ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गतविगत देखिनै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई राजश्व वाडफाड अनुदानबाट रु ४४६८०००।०० तलब भत्ता भुक्तानी गरेको पाईयो ।

६७ **कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको-** नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकासकेन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनु पर्ने कानूनी व्यवस्था छ । पालिकाले यस वर्ष पाठ्यपुस्तकतर्फ रु २६९४०००।०० छात्रवृत्तीतर्फ रु १८३८०००।०० दिवा खाजा तर्फ रु ५१०८०००।०० अनुदान

| | | |
|---|---|---|
| | निकासा दिएकोमा निज विधालयहरुले प्राप्त गरेको अनुदान रकमको विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन सलग्न नहुदा तोकीएको शीर्षकमा खर्च भयो भएन एकिन गर्न सकिएन ।<br>विधालयहरुले सम्वन्धित छात्र छात्राहरुलाइ कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार उक्त अनुदान वितरण गरे नगरेको सम्वन्धमा पालिका द्धारा प्रभावकारी अनुगमन हुनुपर्दछ । | |
| २८ | १२५-०७७/३/३१ **सेनिटरी प्याड** : सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन तिन वटा कोटेशनको माध्यमबाट छनौट गरी मेडिहेभन ड्रग डिष्ट्रव्युटर लाई प्रति पकेट रु.३९।८२ (मूअकर वाहेक) का दरले ११०४४ प्याकेटको रु.४९६९४२।४५। (मूअकर समेत) भुक्तानी गरिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :<br>• असोज १ गते देखी मात्र विधालय खुलेको भनि विभिन्न ९ वटा सामुदायिक विधालयलाइ खरीद गरेको ५ महिना पश्चाचत मात्र उक्त पुरै परिमाण वितरण गरेको उल्लेख छ ।<br>• कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ २६ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन । | |
| | **स्वास्थ्य तर्फ :** | |
| २९ | **तलबी प्रतिवेदन:-** निजामति सेवा ऐन्, २०४९ को दफा ७ (ख) २ अनुसार स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेखेको हुनु पर्दछ।पालिकाले यस वर्ष स्वास्थ्य सेवा तर्फ का कर्मचारीको तलवि प्रतिवेदन पारीत वेगर तलव भत्ता खर्च लेखेको देखीएकोले तलव र ग्रेड रकमको एकीन गर्न सकीएन । | |
| ३० | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.१४५२२४५।०० लाखको औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छन:<br><br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br><br>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको,<br><br>• आपूर्ति भएका औषधी एंवर्म सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त | |

| | | |
|---|---|---|
| | अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३१ | लेखापरीक्षणको क्रममा स्वास्थय तर्फका विभिन्न कार्यक्रम मध्ये हात्तिपाइले रोग र कुष्ठ रोग तर्फका कार्यक्रमहरु परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।<br>(क) **अभिलेख / प्रतिवेदन** : हात्तिपाइले रोग निवारण अन्तर्गत आम औषधी सेवन कार्यक्रमको कार्यक्रम सम्पन्न भइ सके पश्चात निर्दिष्ट फारममा प्रतिवेदन तयार गरी स्थानिय तहले आफू मातहतका स्वास्थ्य संस्थाहरुको प्रतिवेदन एकिकृत गरी सम्वन्धित निकायमा पेश गर्नु पर्ने मा पालिकाद्धारा उक्त प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले सो सम्वन्धमा विश्वस्त हुन सकिएन ।<br><br>(ख) हात्तिपाइले रोग विरुद्धको आम औषधी सेवन कार्यक्रमको अनुगमन निरिक्षणका लागी प्रतिस्थानिय तहमा वढी मा रु २५००० खर्च गर्न सकिने व्यवस्था निर्देशिकाले गरेकोमा पालिकाद्धारा उक्त कार्यक्रममा अनुगमन तथा सुपरीवेक्षण वापत रु ५८००० र चेकलिष्ट वाट सुपरीभिजन वापत रु १५००० गरी जम्मा रु ७३०००।०० खर्च गरेको देखिएकोले निर्देशिकाले व्यवस्था गरे भन्दा वढि खर्च लेखेको रु ४०८००।०० (कर कट्टी वाहेक) असुल हुनु पर्ने<br>(ग) २०७६।१२।६ र ७ गते गा पा अन्तर्गत स्वास्थ्य सस्थाहरु मा कार्यरत स्वास्थ्य कर्मीहरुलाइ २ दिने हात्ति पाइले रोग निवारण अभियान को अभिमुखिकरण कार्यक्रममा सहभागी विभिन्न ८२ जनालाइ यातायात खर्च वापत रु ५००।०० का दरले दिनु पर्ने भन्ने निर्देशिकाको व्यवस्था रहेकोमा पालिकाद्धारा रु १००० का दरले भुक्तानि दिएको देखीएकोले वढी भुक्तानि रु ३४८५०।०० (कर कट्टी वाहेक) असुल हुनुपर्ने | ४०८००.००<br><br>३४८५०.०० |
| ३२ | **कुष्ठ रोग तर्फ** : चर्म रोग शिविर सञ्चालनका लागि निर्देशिकाले गरेको व्यवस्था अनुसार पालिकाले स्वास्थय कार्यालयहरु संग समन्वय गरी शिविर सञ्चालन को उपयुक्त स्थानको छनौट , स्थान र मितिको वारेमा प्रचार प्रसार, शिविरमा सेवा लिएका विरामीहरुको अभिलेखिकरण र प्रतिवेदन सम्मका व्यवस्थाहरु रहेकोमा पालिकाले उक्त शिविर सञ्चालन वापत रु ११९००० को औषधी खरिद को भुक्तानि गरेको मा शिविरमा सहभागी भइ सेवा लिनेको नाम खुल्ने प्रमाण, शिविर सञ्चालनको स्थान र मिति खुल्ने प्रमाणहरु लेखापरीक्षणमा पेश नभएकोले सो सम्वन्धमा विश्वस्त हुन सकिएन । | |
| ३३ | स्वास्थ्य तर्फका कार्यक्रमहरु मध्ये परीक्षण गरीएका हात्तिपाइले र कुष्ठ रोग तर्फ निर्देशिकाको व्यवस्थाको पूर्ण पालना भएको नदेखीएकोले स्वास्थ्य तर्फका अन्य कार्यक्रमहरुको समेत निर्देशिकाको पूर्ण पालना भए नभएको सम्वन्धमा पालिकाले आवश्यक छानविन एवं एकिन गर्नुपर्ने देखिन्छ । | |
| ३४ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९६ जनालाई रोजगारी उपलव्ध गराई रु. ४०२७४३।०० खर्च गरेको छ । लक्षित वर्गलाई न्युनतम ९ दिनसम्म रोजगारी उपलब्ध गराई | |

श्रमिक ज्याला, प्रशाासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।

७५ रोजगार कार्यक्रममा आवद्ध हुनको लागि १२८८ जनाले निवेदन दिएकामा जम्मा ९६ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकाका ८ वडा मध्ये सबै वडामा यो कार्यक्रम संचालन भएको छ । सञ्चालित कार्यक्रममा ९६ जनालाई दैनिक रु ५१७ को दरले ७९९ दिन रोजगारी दिएको पाइयो । यसरी सञ्चालित कार्यक्रमको नापी तथा मुल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।

**समानीकरण पूँजिगततर्फ**

७६ **कन्टिन्जेन्सी खर्चको अभिलेख** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम बाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिका वाट आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत कट्टी गरेको रकमको विवरण उपलव्ध हुन नसकेको कारण के कति रकम कट्टी र खर्च गरीयो सो एकिन हुन सकेन ।पालिकाले योजनागत रुपमा स्पष्ट अभिलेख राखि कन्टिन्जेन्सी खर्च लाइ मितव्ययी र व्यवस्थित वनाउनु पर्दछ ।

७७ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहबाट सञ्चालित योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका द्वारा सञ्चालित केहि कार्यक्रममा सार्वजनिक परीक्षण गर्ने गरेको पाइएन । सार्वजनिक परीक्षणको अभावमा खर्चको विश्ववसनियतामा कमी हुनुका साथै आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिताको प्रबर्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

७८ **डीपीआर खर्च** – पालिका द्वारा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजना / गुरुयोजनाको डीपीआर लगायतको अध्ययन प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्रास गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| सुठौलि भन्सार देखि वुढपार मधुनगरा सम्म | टी पी एच डेभलमेन्ट प्राली | ५००,०००.०० | ४९४२६२.०० |
| डगरी सिमानादेखि वसन्तपुर भडेहर रोड | रुपक इन्जिनिरिङ कन्सटेन्सी एन्ड सप्लायर्स | ४,८९९६८.०० | ४८१६८०.०० |
| जम्मा: | | ९८९,९६८ | ९७५९४२ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको नियमित प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

७९ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने

सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । खरिद भएका सफटवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृती लिएको देखिएन । यस्ता सफ्वेयरहरुलाइ उक्त विभागवाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ। स्थानीय तहले यस वर्ष जिन्सी व्यवस्थापन, योजना व्यवस्थापन तथा तलव पेरोल मा गरी जम्मा रु ७२३०००।०० सोझै खरीद गरेको नियम सम्मत देखिएन । ७२३,०००.००

८० **मोवाइल खरीद**: गो भौ न ३ ।०७६।८।०९ र ७।०७६।९।२५ वाट ४ थान मोवाइल रु १२४७४०।०० मा खरीद गरेकोमा उक्त मोवाइलहरु कसलाइ र कुन प्रयोजनको लागि खरीद गरेको हो सो को पुष्ट्याइ सहितको प्रमाण पेश हुनु पर्ने रु १२४७४०.००

८१ **पम्पसेट वितरण**: सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पम्पसेट मार्फत सिचाइ कार्यक्रमका लागी पालिकाले विभिन्न ५२ जना कृषकहरुलाइ रु ५३१२४ का दरले ५ हर्स पावरको पम्प सेट खरीद जडान समेतका लागी जम्मा रु २७६२४४८।०० अनुदान उपलव्ध गराएकोमा उक्त रकम कृषकहरुको खातामा नपठाइ सामाग्री सप्लायर्सलाइ भुक्तानि गरेको देखिकोले उक्त कृषककोहरुको छनौटको निर्णय एंव अनुदान वितरणको मापदण्ड लेखापरीक्षणमा पेश भएन ।उक्त कार्यको प्रभावकारी अनुगमन एंव सो को प्रभावकारीताको सम्वन्धमा पालिकाले एकीन गर्नुपर्दछ ।

८२ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत निम्न कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

| भौ.नं. मिति | निर्माण कामको विवरण | गा पा द्धारा भुक्तानि | कामको प्रकृति |
|---|---|---|---|
| ११९।०७७।३।२९ | भवन निर्माण | ४९७५००।०० | उपभोक्ता समिति |
| २७।०७७।२।१५ | सडक ग्राभेल | ४०००००।०० | उपभोक्ता समिति |
| २९।०७७।२।२१ | सडक ग्राभेल | ४०००००।०० | उपभोक्ता समिति |
| ३५।०७७।३।१ | नाली निर्माण | ८०००००।०० | उपभोक्ता समिति |
| ४६।०७७।३।१० | नाली निर्माण | ५०००००।०० | उपभोक्ता समिति |

८३ **मालसमानको गुणस्तर परीक्षण**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

- कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक

स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन ।

**समानीकरण चालुतर्फः**

८४ **भ्रमण खर्च** : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमणमा ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना समेत रहने हुदा तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

८५ **बैठक भत्ता** : अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यव्था रहेको छ । उल्लेखित व्यवस्था बेगर कार्यालयले देहायका समितिहरुको वैठक बसि रु ३७०४५७।०० रकम बैठक भत्ता उपलब्ध गराएको सम्बन्धितबाट असुल गरि दाखिला गरिनु पर्ने रु ३७०४५७.०

| गो .भा न | प्रयोजन | भत्ता खर्च |
|---|---|---|
| ९९।०७६।८।३० | इन्जिनियर१ सव इन्जिनियर २ अमिन पद १ छनौट | ११५०००.०० |
| १०९।०७६।९।०२ | अनमि र ल्याव असिस्टेन्ट छनौट | १४२९००.०० |
| ११७।०७६।९।२४ | खानेपानि तथा सरसफाइ स्वच्छता सम्वन्धि तथ्याकका लागी गणक छनौट | ११२५५७.०० |
| जम्मा | | ३७०४५७.०० |

८६ **अनुगमन भत्ताः-** भ्रमण खर्च नियममावली २०६४ को नियम २१ मा भ्रमण वा अनुगमनमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ मा भ्रमण समाप्त भएपछि नियमानुसार दैनिक तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न योजनाको अनुगमन गरेको भनी जनप्रतिनिधी तथा कर्मचारीलाई अनुगमन खर्च वापत रु १५९७०००।०० भुक्तानी गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन । साथै कुन कुन योजनाको अनुगमन गरियो सो को अभिलेख सहितको प्रतिवेदन पेश गरेको देखिएन । योजना अनुगमन गरेको मिति, योजना अनुगमनमा देखिएका समस्या र भविष्यमा गर्नु पर्ने सुधार सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा प्रतिवेदन नदिइ खर्च लेख्दा अनुगमन भएको पुष्ट्याई हुन सकेन । साथै आफ्नै पालिकाको कार्यक्रम अनुगमनन गरेको उल्लेख गरि दिएको अनुगमन भत्ता उपयुक्त देखिएन । यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्ने देखिन्छ

८७ **भरपाइ पेश नभएको :** ३४०।७७।२।६ क्वारेन्टाइन अनुगमन वापत स्वास्थ्य संयोजक ज्योती प्रकाश दूवेले अनुगमन मूल्याकन शिर्षक वाट भएको रु १०१०००।०० भुक्तानिमा निम्नानसार पदाधीकारी र कर्मचारी लाइ दिएको अनुगमन भत्तामा अनुगमन गरेको मिति, अनुगमनवाट देखिएका समस्या र सोमा गर्नु पर्ने सुधार सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा प्रतिवेदन नदिइ खर्च लेख्दा अनुगमन भएको पुष्ट्याई हुन सकेन । साथै आफ्नै पालिकाको कार्यक्रम अनुगमनन गरेको उल्लेख गरि दिएको अनुगमन भत्ता उपयुक्त देखिएन । यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्ने देखिएकोले उक्त रकम असुल हुनु पर्ने रु ९६०००.०

| सि .न | पद र नाम | भुक्तानि |
|---|---|---|
| १ | गा पा अध्यक्ष गिरजेश कुमार पाण्डेय | १५००० |
| २ | गापा उपाध्यक्ष कन्यावति उपाध्याय | ७००० |
| ३ | रामचन्द्र ढकाल | १५००० |
| ४ | ले. अ निराजन राज लम्साल | १५०००.०० |
| ५ | स्वा. संयोजक ज्योति प्रसाद दुवे | १५०००.०० |
| ६ | पोषण संयोजक देवांनश दुवे | १५०००.०० |
| ७ | क अ देवेन्द्र कुमार पाण्डे | ७०००० |
| ८ | जिन्सी इकाइ वलराम कोहार | ७०००.०० |
| | **जम्मा** | ९६०००.०० |

**सामाजिक सुरक्षातर्फ :**

८८ **लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम आ एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम आ एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको देखीएन। पालिकाले आफ्नो क्षेत्र भित्रका वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरणका लागि सम्वन्धित वडा सचिवलाइ पेश्कि स्वरुप रकम प्रदान गरि वितरण गर्ने गरेको र उक्त पेश्कि लामो समय सम्म पनि फछ्यौट

| | |
|---|---|
| भएको नदेखिएको मा सो कारण पेश भएन । | |
| सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) मा भएको व्यवस्था वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण बैकिङ प्रणाली मा नगइसकेको वाट पालिकाको सामाजिक सुरक्षा भत्ता वितरणलाइ व्यवस्थित र विश्वसनिय छ भन्न सक्ने अवस्था देखिएन । | |
| मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्कमार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख वाट कट्टा गरि भत्ता वितरण लाइ व्यवस्थित र विश्वसनिय वनाउन वैकिङ प्रणालि मार्फत वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| नेपाल सरकारबाट प्रदान गरिने नागरिकतामा नागरिकता प्रमाण नं. अनिवार्य हुने गरि नागरिकता उपलब्ध गराउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा छनौट गरीएका वडा न ३ र ८ मा परीक्षण गर्दा पहिलो, दोस्रो तथा तेस्रो किस्तामा सामाजिक सुरक्षा भुक्तानी गर्दा निम्नानुसारको नागरिकता नं. वेगर भएको देखियो । निम्न वडाका निम्न लाभग्राहीहरुको नागरिकता प्रमाण नं खुलेको बिवरण पेश भएको नदेखीएकोले सो को एकीन हुनुपर्ने | ३३८४००.०० |

| नाम | जन्म मिति | रकम | वडा न | कैफियत |
|---|---|---|---|---|
| केवाला अहिरिन | १९९३।१।१ | ३६०००।०० | ८ | |
| तैवुन निसा मुसलमान | १९८८।१२।३० | ३६०००।०० | ८ | |
| महिवुल्ला मुसलमान | १९९६।१२।३० | ३६०००।०० | ८ | |
| राम मिलन तेली | १९९५।१२।७० | ३६०००।०० | ८ | |
| सिउ अहिर | २०००।१२।३० | ३६०००।०० | ८ | |
| गेना चमार | २००६।६।११ | २४०००।०० | ८ | |
| सुनिता पथरकट्टा | २०४०।०२।१० | ३६०००।०० | ८ | |
| सालु कुमारी गिरी | २०५८।७।२७ | ३६०००।०० | ३ | |
| राज कुमार मुराउ | २०३७।९।१५ | १९२०० | ३ | |
| राजेश्वर कोरी | २०५९।३।१५ | १९२००।०० | ३ | |
| सूर्यमति अहिरिन | २०१६।६।१५ | २४०००।०० | ३ | |
| जम्मा | | ३३८४००।०० | | |

| | |
|---|---|
| **राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग** | |
| **अनुगमन भत्ताः-** भ्रमण खर्च नियममावली २०६४ को नियम २१ मा भ्रमण वा अनुगमनमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ मा भ्रमण समाप्त भएपछि नियमानुसार दैनिक तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता तथा सुदुढिकरण आयोजनाको अनुगमन गरेको भनी जनप्रतिनिधी तथा कर्मचारीलाई अनुगमन खर्च रु ११९०००।०० भुक्तानी गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएनन । साथै सो को अभिलेख सहित प्रतिवेदन पेश गरेको देखिएन । योजना अनुगमन गरेको मिति, योजना अनुगममनमा देखिएकाका समस्या र भविष्यमा गर्नु पर्ने सुधार सहितको प्रतिवेददन पेश गर्नुपर्नेमा प्रतिवेदन नदिइ खर्च लेख्दा अनुगमन भएको पुष्ट्याई हुन सकेन । साथै आफ्नै कार्यक्रम अनुगमनन गरेको उल्लेख गरि दिएको अनुगमन भत्ता उपयुक्त देखिएन । यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्ने देखिन्छ । | |

| | |
|---|---|
| **मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रम :** | |
| **भरपाइ पेश नभएको:** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले वुद्ध भेट सेन्टर ,भैरहवावाट गोश्वारा भौचर नं ४ मिति २०७७।३।१० मा विभिन्न औषधीहरु खरिद गरेकोमा ल्यक्टो प्लस चिल्ड ६४ थान खरिद गरेकोमा ३५ थान मात्र वितरण भएको देखिएकोले वांकी २९ थानको रु ३७०। का दरले खरिद गरेको रु १०७३०। सम्वन्धमा स्पष्ट हुन नआएको रु | १०७३०.०० |
| **वाखा वितरणः** ५।२०७७।३।१० पशु विभागद्वारा जारी गरिएको वीउ वोका तथा पाठापाठी वितरण सम्वन्धी निर्देशिका अनुसार कार्यालयले अनुदान अन्तर्गत वितरण गरिएका वोका तथा पाठापाठी २ वर्षमा ठाउँ साटेर वर्णशंकर हुन नदिई उत्पादनलाई प्रभावकारी वनाइएको हुनुपर्दछ ।कार्यालयले वोका तथा वाखा समेत ४० थान रु ६२३७५०। मा खरिद गरी वितरण गरेकोमा क कसलाई वितरण गरियो अभिलेख राखेको देखिएन ।अभिलेखको अभावमा गत विगत वर्षदेखि वितरण हुंदै आएको र हाल वितरण भएको स्थिति मूल्यांकन गर्न सकिने अवस्था देखिएन । यस सम्वन्धमा कार्यालयले अनुगमन गर्नुपर्दछ ।तसर्थ वितरण गरिएको अनुदानको व्यवस्थित अभिलेख राखी वितरित पाठापाठीको उत्पादकत्वलाई प्रभावकारी वनाईनु पर्दछ। | |
| **अनुगमनः** लुम्विनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७६ को दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाईने व्यवस्था छ ।गाउँपालिकाका विभिन्न पदाधकारी तथा कर्मचारीहरुलाई देहाय वमोजिम अनुगमन भत्ता भुक्तानी भएको पाईयो । ऐनमा भएको व्यवस्था विपरित अनुगमन भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको | ८४०००.०० |

| भौ नं र मिति | पदाधिकारी | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १३।२०७७।३।३० | अध्यक्ष र उपाध्यक्ष लगायत १२ जना | पौष्टिक आहार वितरण अनुगमन | १३२००। |
| १२।२०७६।३।२८ | अध्यक्ष र उपाध्यक्ष लगायत १८ जना | कृषि सम्वन्धी अनुगमन | ४५०००। |
| ७।२०७७।३।१५ | अध्यक्ष र उपाध्यक्ष लगायत १३ जना | ८ नं वडामा वाखा वितरण अनुगमन | १९५००। |
| | अध्यक्ष र उपाध्यक्ष लगायत ११ | ७ नं वडामा वाखा वितरण अनुगमन | १६५००। |
| | अध्यक्ष र उपाध्यक्ष लगायत १० जना | १ नं वडामा वाखा वितरण अनुगमन | १५०००। |
| | अध्यक्ष र उपाध्यक्ष लगायत ११ जना | ३ नं वडामा वाखा वितरण अनुगमन | १६५००। |
| | अध्यक्ष र उपाध्यक्ष लगायत ११ जना | ५ नं वडामा वाखा वितरण अनुगमन | १६५००। |
| | | जम्मा | ८४०००। |

| | |
|---|---|
| **वैठक भत्ताः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को दफा ७।१।१ मा वैठक भत्ताको मापदण्ड निर्धारण गरिएको छ ।जस अनुसार स्पष्ट विषयवस्तु र कार्ययोजना वेगर वैठक वस्न नपाइने र एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी सहभागी हुने वैठकमा भत्ता प्रदान गर्न नपाइने व्यवस्था गरिएको छ ।तर कार्यालयले स्पष्ट कार्ययोजना वेगर आफनै कार्यालयका पदाधिकारी र कर्मचारी सहभागी वैठकमा देहाय अनुसार भत्ता प्रदान गरेको देखिएकोले निर्देशिका विपरित खर्च लेखेको उक्त रकम नियम सम्मत नदेखिएको रु | १८८०००.०० |

| भौ नं र मिति | पदाधिकारी | विवरण | भुक्तानी रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३।२०७७।१।२ | अध्यक्ष र उपाध्यक्ष लगायत १४ जना | २०७६।८।१६ देखि २०७६।११।११ सम्म वैठक तथा खाजा | ८२५००।<br>२७५००। |
| ७।२०७७।३।१५ | अध्यक्ष र उपाध्यक्ष लयागत ११ जना | वोका वाखा खरिद गर्ने निर्णय | १६५००। |
| | अध्यक्ष र उपाध्यक्ष १० जना | वोका वाखा खरिद गर्ने निर्णय | १५०००। |
| | अध्यक्ष र उपाध्यक्ष ११ जना | अनुगमनको लागि वैठक संचालन | १६५००। |
| ८।२०७७।३।२३ | अध्यक्ष र उपाध्यक्ष १० जना | शैक्षिक सामाग्री वितरण गर्ने निर्णय | ३००००। |
| | | **जम्मा** | १८८०००।०० |

७ **प्रतिवेदनः** मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम संचालन कार्यविधि २०७५ मा कार्यक्रममा लक्षित समूहलाई धानको वीउ वितरण, वाखा वितरण, तरकारी वीउ वितरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्दा लक्षित समूह तथा वस्तीहरुको पहिचान, कृषक छनौट प्रक्रिया, पहिचान गरिएका कार्यक्रम मध्ये उपयुक्त कार्यक्रमको छनौट, कार्यक्रम शिफारिस गर्दा सोही प्रकारका कार्यक्रमहरु अन्य विकास साझेदारवाट संचालन भए नभएको, कार्यक्रममा दोहोरोपना नभएको विषय कार्यक्रम शिफारिस तथा कार्यान्वयन समितिले स्पष्ट किटान गरी संचालित कार्यक्रमहरुको निरन्तर अनुगमन र मूल्यांकन गरी गाउँपालिका र जिल्ला समन्वय समितिमा प्रतिवेदन पेश गर्नुपर्नेमा सो भए गरेको देखिएन ।साथै कार्यालयले कोभिड महामारीको समयमा नेपाल सरकारले लक डाउन गरेको अवधिको समेत खर्च लेखेकोले वास्तविकता एकिन गर्न सकिएन ।

८ **सचार खर्चः** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ५मा संचार सुविधा वापत टेलिफोन शुल्क र मोवाइल फोन रिचार्ज वापत रकम भुक्तानी हुने व्यवस्था छ ।सो सुविधा वमोजिम पदाधिकारीहरुले सुविधा वापत पाउने एकमुष्ठ हिसाव गरी भुक्तानी लिएपछि पुनः सुविधा वापत संचार र मोवाइल रिचार्ज खर्च भनी भुक्तानी भएको देखियो । तसर्थ नमिल्ने प्रकृतिका देहाय वमोजिम भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु ६५५००.००

| भौ नं र मिति | भुक्तानी पाउनेको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४१३।२०७७।३।३ | श्री नगर स्टेशनरी स्टोर्स | रिचार्ज कार्ड १२ थान | १२०००। |
| ४१६।२०७७।३।४ | उपाध्यक्ष कन्यावती उपाध्याय | संचार महसुल | १२०००। |
| ४३०।२०७७।३।९ | | संचार खर्च | २३०००। |
| ४४८।२०७७।३।१२ | अधिकृत आठौ श्री अव्दुल सलाम | संचार खर्च | ३०००। |
| ६२६।२०७७।३।३० | अध्यक्ष र सचिवालयमा कार्यरत व्यक्तिका लागि | संचार खर्च | ७५००। |
| ६६।०७६।०८।२५ | उपाध्यक्ष कन्यावती उपाध्याय | संचार खर्च | ८०००।०० |
| | | **जम्मा** | ६५५००। |

९ **अनुगमन खर्चः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७६ को दफा १४ मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने उल्लेख छ ।गाउँपालिकाका विभिन्न पदाधिकारी तथा

कर्मचारीहरुलाई देहाय वमोजिम अनुगमन भत्ता भुक्तानी दिएको पाइयो ।ऐनमा भएको व्यवस्था विपरित भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

| भौ नं र मिति | पदाधिकारी | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४२४।२०७७।३।८ | उपाध्यक्ष श्री कन्यावती उपाध्याय लगायत ४ जना | गर्भवती महिला स्वास्थ्य तालिम | ३०००। |
| ४३३।२०७७।३।९ | उपाध्यक्ष श्री कन्यावती उपाध्याय लगायत ५ जना | कम्प्यूटर तालिम | ७५००। |
| ४५३।२०७७।३।१३ | ६ नं वडाध्यक्ष श्री नारायण प्रसाद उपाध्याय लगायत ६ जना | क्वारेन्टाइन | ५००००। |
| ४५७।२०७७।३।१२ | ७ नं वडाध्क्ष श्री चन्द्र प्रकाश दुवे लगायत ३ जना | प्रकोप | २४०००। |
| ६००।२०७७।३।२९ | अध्यक्ष श्री गिरजेश कुमार पाण्डे लगायत ११ जना | च्यापकट्टर मेशिन वितरण | ६९०००। |
| | | **जम्मा** | **१५३५००** |

१५३५००.००

कार्यालयले विनियोजित वजेटवाट नै तोकिएको शिर्षकमा खर्च गरेको हुनुपर्दछ ।औषधी खरिदमा विनियोजन भएको वजेटवाट ५ नं वडाध्य श्री लइस पठानको शिफारिसमा २०७७।१।३० को पत्रवाट दराज, पलँग, सोफा, टेवल, कार्पेट लगायतका फर्निचर सामाग्री खरीद भै भुक्तानी गर्नु परेको भनी भौ नं ४२९ मिति२०७७।३।९ वाट रु १५१७४४। खर्च लेखेको नियमित नदेखिएको

१५१७४४.०

लैंगिक हिंसा निवारण तथा वाल संरक्षण नीति तथा कार्यक्रम अन्तर्गत श्री विष्णु प्रसाद चोवेलाई परामर्श सेवा वापत भौ नं ४७६ मिति २०७७।३।१६ वाट कोटेशन नलिइ रु ११५०००। भुक्तानी गरेको नियमसम्मत नदेखिएको

११५०००.००

ओ के व्रदर्स एण्ड सप्लायर्स तौलिहवावाट भौ नं ६०५ मिति २०७७।३।२९ वाट खेलकूद सामाग्री खरिद गरी रु ९९८९२। खर्च लेखेकोमा सोको प्रयोग तथा वितरण भरपाइ पेश नभएको रु

९९८९२.००

**जनप्रतिनिधिहरु मार्फत कार्यक्रम सञ्चालन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १६ (४) (ग) मा वडा अध्यक्षको काम कर्तव्य र अधिकार तोकिएको छ । वडाध्यक्षको काम कर्तव्य र अधिकारको बुँदा नं. ३ मा वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेश गर्ने काम, कर्तव्य र अधिकार तोकिएको छ । त्यसै गरी बुँदा नं. ४ मा वडामा कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्यन गर्ने गराउँने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने गराउने काम, कर्तव्य र अधिकार तोकिएको छ। निर्वाचित जनप्रतिनिधिहरुले स्वयम कार्यक्रम सञ्चालन गरी भुक्तानी लिदा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुनुका साथै प्रचलित कानुनी व्यवस्था को समेत उल्लघन हुने तथा कार्यक्रम कार्यान्वयन पक्षको निश्पक्ष अनुगमन नहुन सक्छ । यस्तो कार्यलाइ नियन्त्रण गरीनु पर्दछ ।

गाउँपालिकामा शित लहरको कारणवाट जनतालाई जाडोवाट वचाउन टोलटोलमा दाउरा वितरण गर्न वडा नं १ देखि ८ सम्मका वडाध्यक्षहरुले ८ चट्टा दाउरा वुझेको भरपाइ गरी लोड अनलोड तथा ढुवानी भनी भौचर नं ४५५ मिति २०७७।३।१० वाट रु १७००००। खर्च लेखेको छ।

आमा समूहको वैठक नियमित रुपले संचालन तथा सुदृढीकरण गर्न स्वास्थ्य संस्थाहरुवाट खाजा रकम महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई वैक खाता मार्फत भौ नं ६३१ मिति२०७७।३।३० वाट रु ६३६०००। १०६

६३६०००.००

जनालाई रु ६०००। का दरले स्वास्थ्य संयोजक ज्योति प्रकाश दुवेको शिफारिसमा भुक्तानी गरेको देखियो । आमा समूहको वैठकमा खाजा खर्च पाउने नदेखिएकोले उक्त खर्चलाई नियमसम्मत मान्न नसकिने रु

**वहुक्षेत्रीय पोषण कार्यक्रमः** ९।२०७७।३।५ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६।३ मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले कार्यक्रम खर्च भनी ज्योतिप्रकाश दुवेलाई रु २००००।भुक्तानी दिएकोमा विल भरपाइ नराखी खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्ने रु — २००००.००

**अनियमित खर्चः** पोषण स्वयंसेवक श्री देवांश दुवेलाई मासिक पारिश्रमिक रु १६५००। दिने गरी सम्झौता गरिएकोमा पुनः मासिक रु ६५००। का दरले थप गरी रु ७८०००।भुक्तानी गरेकोले थप दिनु पर्ने आधार पेश प्रमाण पेश नभएको — ७८०००.००

**भरपाइ नभएकोः** आर्थिक कार्यविधि ऐन २०६४ को नियम ३६।३ मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।देहाय वमोजिम विभिन्न कमर्चारीहरुलाई वैठक भत्ता रकम भुक्तानी गरेकोमा सम्वन्धितलाइ वुझाएको भरपाइ पेश नभएकोले असुल गर्नुपर्ने रु — १३१९०.००

| भौ नं र मिति | कर्मचारीको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| २०२।२०७६।१०।२८ | प्र प्र अ श्री रविन्द्र प्रसाद चौधरी | ११९० | गा पा चालु |
| ८१।२०७७।३।३१ | सि अ हे व श्री माधव अर्याल | ४०००। | प्रकोप व्यवस्थापन |
| | सि अ हे व श्री हरि कुमार श्रेष्ठ | ४०००। | प्रकोप व्यवस्थापन |
| | सि अ हे व श्री केशवराज घिमिरे | ४०००। | प्रकोप व्यवस्थापन |
| | **जम्मा** | १३१९० | |

पोषण कार्यक्रम अन्तर्गत आमा समूलाई वीउ तथा अन्य सामागी वितरणको भरपाईमा मिति तथा सामाग्रीको विवरण उल्लेख नगरी भरपाई गराउने तथा कार्यक्रम गर्दा मिति सहितको वोर्ड प्रस्तुत गर्नु पर्नेमा मिति उल्लेख नभएको वोर्ड राख्ने गरेको साथै नेपाल सरकारले लक डाउन गरेको अवधिको विल समावेश गरी खर्च लेखेको देखिएकोले कार्यक्रममा भएको खर्चलाई पुष्टी गर्ने आधार नदेखिएकोले वास्तविकता एकिन गर्न सकिएन

**भत्ता वितरणको अनुगमनः** कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमासिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।

**विपद् व्यवस्थापन**

**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले १५ सदस्यीय समिति गठन गरी यस वर्ष २ वटा वैठक वसी आफ्नो क्षेत्रको विपत व्यवस्थापन सम्वन्धी कार्य गरेको उल्लेख छ । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

| | | |
|---|---|---|
| | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्वको तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| | **विपद् व्यवस्थापन कोष –** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. २३२६८७५०।०० आम्दानी भई रु.२२६८०४५७।०० खर्च गरी बाँकी रु. ५८८२९३।००देखिन्छ । पालिकाले खर्च मध्ये राहत वितरणमा रु. ३४९९७४७।००।-, क्वारेन्टाइन व्यवस्थापनमा रू. १३७५०८३७।९५।-, पिपिइ, मास्क, थर्मलगन, स्यानिटाइजर , औषधि खरिदमा रु ४७२३७८३।०५। लगायतमा उक्त रकम भुक्तानी खर्च लेखेको देखिन्छ । विपद् व्यवस्थापन कोष सञ्चालनको प्रभावकारी सञ्चालन एव व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ३ | **वार्षिक प्रतिवेदन –** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४ | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ५ | **धरौटी फिर्ता** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) मा कट्टा गरेको रिटेन्सन मनि आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विन्ध्य वासिनी निर्माणस सेवा लाइ रु ३११०३।०० धरौटी फिर्ता गर्दा सो को मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश नगरेकोले उक्त प्रमाण पेश हुनुपर्दछ | ३११०३.०० |
| १६ | **आन्तरिक लेखापरीक्षणवाट औंल्याएको व्यहोराः** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (३)मा आन्तरीक लेखापरीक्षणले औल्याइएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख छ । अन्तिम लेखापरीक्षण समयसम्म पनि सम्परीक्षण नभएका आन्तरीक लेखापरीक्षणले औल्याइएका केहि कैफियतहरु तल उल्लेख भए वमोजिम रहेको छ ।<br><br>कर कट्टीः आयकर ऐन २०५८ वमोजिम कट्टा गरिएको कर रु १५६६४३। दाखिला गर्नुपर्ने रु १५६६४३ | |

वैठक भत्ताः ३२२।२०७७।१।१६ सूचना प्रविधि अधिकृत श्री अनिल कुमार ओझालाई वैठक खर्च वापत रु ८००००।भुक्तानी गरेकोमा कुन कुन वैठकको रकम हो निर्णय संलग्न नगरेको रु ८००००।

हस्तान्तरण फारामः ३२६।२०७७।१।२८ विद्यालयमा उपकरण तथा कम्प्यूटर खरिद वापत रु २४५४५८।खर्च लेखिएकोमा उक्त सामानहरु वुझाएको हस्तान्तरण फाराम पेश नभएको रु २४५४५८।

भरपाइ तथा खर्च आधारः ३६४।२०७७।२।१९ अपांगता सम्वन्धी शिविर संचालन वापत स क अ श्री अजिजुल्लाह खानको नाममा रु ८६२८०।भुक्तानी खर्च लेखिएकोमा भुक्तानी भरपाइमा प्रमुख प्रशासकीय अधिकृत श्री रामचन्द्र ढकाल रु ३८२५ ले अ श्री निराजनराज लम्साल रु ३८२५ र डा गणेश क्षेत्रीको नाममा रु ६५०० का दरले रु १९५०० निज डाक्टरको नाममा भुक्तानी भएको रकम कुन नम्सलाई आधार मानी खर्च लेखिएको हो एकिन नभएको रु २७१५०।००

छुट नलिएकोः ३९८।२०७७।२।३१ शाह एडभरटाइजिंग एजेन्सीलाई ठेक्कापट्टा सम्वन्धी सूचना प्रकाशित वापत रु १४८७८७। भुक्तानी खर्च लेखिएकोमा न्यूनतम छुट तथा कार्यदिश संलग्न नगरी खर्च लेखेको अनियमित देखिएको रु १४८७८७।

कर कट्टीः ४५३।२०७७।३।१२ अनुगमन वापत रु ५००००। खर्च लेखेकोमा १५ प्रतिशत कर कट्टा गरेको नदेखिएकोले असुल गर्नु पर्ने रु ७५००।

भरपाइ नभएकोः ५४१।२०७७।३।२३ कालिका स्टेशनरी स्टोर्सवाट विपन्न वालवालिकाहरुका लागि पोशाक तथा शैक्षिक सामाग्री खरिद गरी रु १९७७५०।भुक्तानी गरेकोमा वितरण गरेको भरपाई पेश नभएको रु १९७७५०।

प्रमाण नभएकोः ५६४।२०७७३।२६ सामुदायिक रेडियो परिवर्तन ८९ मेगाहजलाई सूचना तथा सन्देश प्रसारण वापत रु १००००० भुक्तानी गरेकोमा के कस्ता सूचना प्रशारण गरियो कागजात पेश नभएको रु १०००००।

प्रमाण नभएकोः ५६९।२०७७।३।२६ गाउपालिका वडा नं १ मा सिलाई कटाइ तालिम संचालन वापत रु १०००००। भुक्तानी खर्च लेखेकोमा सो संग सम्वन्धित प्रमाण कागजात पेश नभएको रु १०००००।

अन्य निकायको खर्चः ५८०।२०७७।३।२८ साझा न्यूजको कार्यालय भवन निर्माण कार्यका लागि रु २४४८८। भुक्तानी खर्च लेखेकोमा व्यक्तिगत संस्थपालाई अनुदान दिने व्यवस्था नभएकोले अनियमित देखिएको रु २४४८८।

प्रमाण नभएकोः ५९८।२०७७।३।२९ स क अ श्री अजिजुल्लाह खाँनको नाममा पि आर टी संचालन वापत रु ८५५००।भुक्तानी खर्च लेखेकोमा प्रमाण कागजात पेश नभएको रु ८५५००।

डकुमेन्ट्रीः ६६५।२०७७।३।३० सिनेमा सतरंगको नाममा डकुमेन्ट्री निर्माण भनी रु १९९९९९। भुक्तानी खर्च लेखिएकोमा के कति मिनेटको डकुमेन्ट्री वनाएको हो र कुन कुन च्यानलवाट प्रशारण भयो एकीन नभएको रु १९९९९९।००

जिन्सी दाखिलाः देहायका फर्मवाट कार्यालय सामान खरीद गरी भुक्तानी गरेकोमा भ्याट विल पेश नभएको तथा

जिन्सी दाखिला समेत भएको नदेखिएको रु १५८२४०।

| भौ नं मिति | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|
| ६७१।२०७७।३।३१ | श्री सि एस स्पोर्टस एण्ड स्टेसनरी सप्लायर्स | १००७१०। |
| ६७२।२०७७।३।३१ | श्री श्रीनगर स्टेसनरी स्टोर्स तौलिहवा | ५७५३०। |
| | जम्मा | १५८२४०। |

**युनिसेफ पोषण कोभिड १९ तर्फः**

जिन्सी खाताः १।२०७७।३।३१ पोषण तत्वयुक्त सामानहरु खरिद वापत अ न मी मन्जु शर्माको नाममा रु २९६०००।भुक्तानी खर्च लेखेकोमा जिन्सी खातामा सामानहरु दाखिला गरी वितरण गर्नुपर्नेमा सो नभएको साथै गाडी भाडा वापत रु २००००। खर्च लेखेको नियम सम्मत नदेखिएको रु २९६०००

**पूजीगत तर्फः**

भ्याट समायोजनः ६५।२०७७।३।१६ गाउपालिकाको स्वीकृत कार्यक्रम अनुसार राजारामको घरदेखि लखनको घर हुदै ठेमराज पासीको घरसम्म दायावाया पि सि सि ढलान बउपभोक्ता समिति अध्यक्ष श्री नन्द कुमार पासीको नाममा स्वीकृत टिप्पणी आदेश अनुसारको रकम १६८५००५। भुक्तानी खर्च लेखिएकोमा इटा भट्टाद्वारा जारी गरिएको कर विजकमा हातले विल सच्याएकोले उक्त रकमको मू अ कर समायोजन पेश गर्नु पर्ने रु १६८५००५।००

भ्याट समायोजनः ६७।२०७७३।१६ गाउपालिको स्वीकृत कार्यक्रम अनुसार रमुवापुर पश्चिम डिहको मूल पक्की सडकदेखि रमवापुर गाउ हुदै नन्द किशोर उपाध्यायको घर सम्म पि सि सि ढलान निर्माण कार्यको ठेक्कावापत ठेकेदार श्री उषा निर्माण सेवाको नाममा रु १२४५२००।भुक्तानी खर्च लेखेकोमा सो निर्माण कम्पनीले जारी गरेको कर विजकमा हातले सच्याएको सम्झौता सम्वन्धी विवरणमा सवै व्यहोरा उल्लेख नभएको साथै गाउपालिकावाट अनुगमन गरेको प्रतिवेदन समेत पेश नगरेकोले मू अ कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु १२४५२००।००

भ्याट समायोजनः७१।२०७७।३।१८ गाउपालिको स्वीकृत कार्यक्रम अनुसार रजवापुरको विभिन्न स्थानमा पि सि सि ढलान निर्माण कार्यका उपभोक्ता समिति अध्यक्ष श्री दयाराम लोहनीको नाममा रु ७८६१२२।भुक्तानी खर्च लेखेकोमा उ स ले जारी गरेको कर विजकमा हातले लेखेको, म्याद थपको पत्र संलग्न नभएकोसाथै कार्यालय प्रमुखले प्रमाणित गरेको नदेखिएको साथै मू अ कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु ७८६१२२।

प्रमाण कागजातः ७२।२०७७।३।१८ गाउपालिकाको स्वीकृत कार्यक्रम अनुसार जियाउ कुर्मीको घर किनारामा रहेको नाली निर्माण वापत उ स का अध्यक्ष श्री पूर्णवासी कुर्मीको नाममा रु १९९७४४। भुक्तानी भएकोमा म्याद थपको निर्णय तथा अनुगमनको प्रतिवेदन पेश नभएको रु १९९७४४।

भ्याट समायोजनः ७६।२०७७।३।१९ गाउपालिकाको स्वीकृत कार्यक्रम अनुसार कलाम मुसलमानको घरदेखि मुवारक मुसलमानको घर हुदै मकवुल मुसलमानको घर सम्म पि सि सि ढलान कार्य वापत उ स अध्यक्ष श्री

मोहम्मद रफिक सुसलमानको नाममा रु ६९६५८३।भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन तथा निर्माण सामाग्री खरिद वापत श्री सुनिल हार्डवेयर एण्ड सप्लायर्सवाट सच्याएको कर विजक पेश भएकोले मू अ कर समायोजनको प्रमाण पेश गर्नु पर्ने रु ६९६५८३।००

प्रमाण कागजातः ८०।२०७७।३।१८ गाउ पालिकाको स्वीकृत कार्यक्रम अनुसार वडा नं १ तितिर्खी अन्तरगत पकडीको टोलमा विभिन्न स्थानमा नाली निर्माण वापत उ स अध्यक्ष श्री अलिको नाममा रु ४९९५९१।भुक्तानी भएकोमा प्रमाण कागजात पेश नभएको रु ४९९५९१

शिक्षा शसर्त

जिन्सी दखिलाः१२५।२०७७।३।३१ सार्वजनिक विद्यालयहरुका लागि सेनिटरी प्याड खरिद वापत श्री मेडीहेवेन ड्रग्स डिष्ट्रीव्यूटर्सलाई रु ४९६९४२। खर्च लेखेकोमा जिन्सी खातामा आम्दानी नजनाएको रु ४९६९४२।

**मुख्य मन्त्री ग्रामीण विकास कार्यक्रमः**

माग फारामः १५।२०७७।३।३१ खेलकूद तथा शैक्षिक सामाग्री खरिद वापत श्री कालिका स्टेशनरी एण्ड जनरल सप्लायर्स तौलिहवाको नाममा रु ३९७७६०।भुक्तानी खर्च लेखेकोमा विद्यालयले माग गरेको पत्र तथावितरणभरपाइपेशनभएकोरु
३९७७६०।

**कोभिड १९ रोकथाम तथा प्रकोप व्यवस्थापन तर्फः**

कायदिश पत्रः १३।२०७७।२।६ स्वास्थ्य कर्मीहरुलाई भारतीय सिमानामा खटाइ स्वास्थ्य परिक्षणमा सहयोग पुर्याउन स्वास्थ्य कर्मीलाई पारिश्रमिक वापत १८७४००। भुक्तानी खर्च लेखेकोमा कर्मचारीहरुलाई गाउपालिकावाट खटाएको पत्र पेश नभएको रु १८७४००।

संझौता पत्रः २०।२०७७।२।१३ क्वारेन्टाइन व्यवस्थापन अन्तर्गत टेन्ट,भाँडा तथा अन्य सामान भाडामा लिए वापत रु ४८७११८।भुक्तानी खर्च लेखेकोमा भाडामा लिनुको प्रयोजन तथा टेन्ट हाउससंग गरेको संझौता पेश नभएको रु ४८७११८।

संझौता पत्रः २७।२०७७।२।२५ क्वारेन्टाइन व्यवस्थापन अन्तर्गत राजन टेन्ट हाउसको नाममा रु १४७६४०।भुक्तानी खर्च लेखेकोमा टेन्ट हाउससंग गरेको संझौता पेश हुनुपर्ने रु १४७६४०।००

वडा न ७ को दाखिला गर्न वाकी रहेको रु १७४४।६० असुल गरी दाखिला गर्नु पर्ने

व शि नं ३१४०१०१२३

**पेश्की फर्छ्यौटः** वडा नं ३ का वडा सचिव श्री जगत नारायण दुवेले दोस्रो किस्ता वापत रु २४२६६००। पेश्की लगेकोमा सो रकम पे फ गर्दा रु२४१८६००।को मात्र विल भरपाइ पेश गरी रु २४२६६००।पे फ भएकोले निजवाट असुल गर्नु पर्ने रु ८०००।

**घटी भरपाइः** वडा नं ७ का वडा सचिव श्री नवराज पन्तले प्रथम किस्ता रकम वितरण गरी रु

४४२८०००।को पेश्की फर्छ्यौट गर्दा रु २०००।घटीको भरपाइ राखी पे फ भएको हुंदा निजवाट असुल गर्नुपर्ने रु २०००।

८६९९३३७.५०

**दस्तखत नभएको:** वडा नं ६ का वडा सचिव श्री द्वारिकानाथ मिश्रले प्रथम किस्ता वापत रु ३९४९६००। पेश्की लिएकोमा सो रकम पे फ गर्दा रु ३६२१६००। को मात्र विल भरपाइ तथा वैक दाखिला गरेको भौचर रु ३२८०००।पेश गरेकोमा अति अशक्तको भरपाइमा दरवारी गडरियाको रु ६४००।र संजय कुमारको रु ६४००।वुझाएको भरपाइमा दस्तखत नभएको सो रकम समेत जोडी भरपाइ पेश गरेकोले निजवाट असुल गर्नुपर्ने रु १२८००।

**कम विल भरपाइ:** वडा नं ५ का वडा सचिव श्री दिपेन्द्र कुमार पाठकको दोस्रो किस्ता वापत रु ३७५७६००।पेश्की दिएकोमा रकम पे फ गर्दा रु ३६८२४००।को मात्र विल भरपाइ तथा वैक दाखिला गरेको भौचर रु ६३२००।गरी जम्मा रु ३७४५६००।मात्र भएकोले निजवाट असुल गर्नुपर्ने रु १२०००।

**वढी पेश्की:** वडा नं ८ का वडा सचिव श्री सुनिल कुमार चौधरीको प्रथम किस्ता वापतको पेश्की फर्छ्यौट गर्दा निजले पेश गरेको भरपाइमा वालवालिका सुरक्षा भत्ता तर्फ रु ४८००।भरपाईको कुल रकम भन्दा वढी पेश्की फर्छ्यौट भएकोले असुल गर्नुपर्ने रु ४८००।

व शि नं ३६५००१०४३

**नपुग कर कट्टा:** भौ नं ७ र ९।२०७७।३।२५ विभिन्न सामाग्री खरिद गर्दा रु २७०६।९० आयकर कट्टा गर्नुपर्नेमा रु १३३४। मात्र कट्टा गरेकोले नपुग रु १३७२।९० दाखिला गर्नुपर्ने रु १३७२।९०

**पेश्की:** आर्थिक कार्यविधि नियमावली २०६४ वमोजिम लिएको पेश्की सोही नियमावली वमोजिम फर्छ्यौट गरेको हुनु पर्दछ । देहायका पदाधिकारी तथा कर्मचारीहरुले लिएको पेश्की आ व को अन्त सम्म पनि फर्छ्यौट नभएकोले नियमानुसार असुल फर्छ्यौट हुनुपर्ने रु

२६४९८७२०.००

| पेश्की लिएको मिति | पेश्की लिने पदाधिकारी तथा कर्मचारीको नाम | वापत | पेश्की रकम |
|---|---|---|---|
| २०७६।८।२९ | उपाध्यक्ष श्री कन्यावती उपाध्याय | अनुगमन मूल्यांकन | ३००००। |
| २०७७।२।३१ | १ नं वडा सचिव श्री गंगाराम यादव | सामाजिक सुरक्षा | ३५७२०००। |
| २०७७।२।३२ | ८ नं वडा सचिव श्री सुनिल कुमार चौधरी | सामाजिक सुरक्षा | ४९५४८००। |
| २०७७।३।८ | ६ नं वडा सचिव श्री मोहम्द हलिम मुसलमान | सामाजिक सुरक्षा | ४८१०४००। |
| २०७७।३।१२ | ४ नं वडा सचिव श्री राम सुभग यादव | सामाजिक सुरक्षा | ३४८०६००। |
| २०७७।३।१४ | ५ नं वडा सचिव श्री दिपेन्द्र कुमार पाठक | सामाजिक सुरक्षा | ३७०९६००। |
| २०७७।३।१५ | २ नं वडा सचिव श्री द्वारिकानाथ मिश्र | सामाजिक सुरक्षा | २८५८४००। |
| २०७७।३।२४ | ३ नं वडा सचिव श्री जगत नारायण दुवे | सामाजिक सुरक्षा | २३४०२००। |

| | | | |
|---|---|---|---|
| २०७६।८।८ | अधिकृत आठौ श्री अव्दुल सलाम | कार्यक्रम खर्च | १७२२०। |
| २०७६।९।२५ | हेल्थ एसिस्टेण्ट श्री गोपाल प्रसाद चौधरी | कार्यक्रम खर्च | १५००००। |
| २०७७।३।२३ | वलराम कोहार | विमा तथा नवीकरण खर्च | २०००००। |
| २०७७।३।२९ | अजिजुल्लाह खान | सभा संचालन खर्च | ३७५५००। |
| | | जम्मा | २६४९८७२०। |

**कर रकम ढिला दाखिला :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ५८ अनुसार नेपाल सरकारलाइ प्राप्त हुने कर तथा राश्वव रकम समयमै दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष विभिन्न कर कट्टि वापत दाखिला गर्नु पर्ने रु २९४५९१३।३६ मिति २०७७।६।०४ मा मात्र दाखिला गरेको देखीएकोले उक्त रकम समयमै दाखिला गर्न ध्यान दिनुपर्दछ ।

**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ३५७६८६९८।७२ | ० | ३५७६८६९८।७२ |

**अद्यावधिक बेरुजु** - यस पालिकाको २०७६।७७ सम्मको फछयौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ३५७६८६९८।७२ | ० | ४७०९५६६३।७३ | ० | ८२८६४३६२।४५ |

कोभिड १९ तर्फ

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **बार्षिक प्रतिवेदन** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ । | |
| २. | **प्रकोप व्यवस्थापन सम्वन्धमा :** पालिकाको प्रकोप व्यवस्थापन समितिको वैठक र सो का निर्णयहरु लेखापरीक्षणमा पेश हुन नआएकोले उक्त समिति वाट भए गरेका निर्णय ,प्रकोप व्यवस्थापनका लागी भएका प्रयास ,राहत वितरणका मापदण्ड ,राहतका लागी छनौट गरीएका परीवार र व्यक्तिको पहिचानका साथै सामग्री खरीदको विधि ,सो को दर र गुणस्तर समवन्धमा विश्वस्त हुन सकिएन । | |
| ३. | कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७ असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण अनुसार कायार्लयले यस वर्ष रू. २३२६८७५०।०० आम्दानी भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्ममा रू. २२६८०४५७।०० खर्च भएको देखएको छ । कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको छ । | |

| बजेट/आम्दानीको स्रोत | २०७७ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७७ असार मसान्तसम्म खर्च |
|---|---|---|---|
| संघीय अनुदान बाट | ३०,००,००० | राहात वितरण | ३४९९७४७ |
| प्रदेश अनुदान बाट | १०,००,००० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | १३७५०८३७.९५ |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | १,६६,५०,०००.०० | आइसुलेशन केन्द्र निर्माण व्यवस्थापन | ४६४३५९.०० |
| सघीय कोभीड कोष वाट | २५८८७५०.०० | आर्थिक सहायता | |
| जनप्रतिनिधि ,शिक्षक, कर्मचारीको तलब | ० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ४७२३७८३.०० |
| अन्य स्रोतबाट प्राप्त | ३०,०००.०० | अन्य शीर्षकमा भएको खर्च | २२६७३०.०० |
| | | कोभिड चेतना | १५००० |
| | | वजेट वाकी | ५८८२९३.०० |
| जम्मा | २३२६८७५०।०० | | २३२६८७५०।०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | **जोखिम भत्ता :** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । कार्यालले कोभिड-१९ महामारी नियन्त्रणमा अग्रपंतिमा खटेका विभिन्न स्वास्थ्यकर्मी,समेत अन्य प्राबिधिक र प्रशासनिक कर्मचारीलाई जोखिम भत्ता भुक्तानि गरेको देखीएन । | |
| ५. | **क्वारेन्टाईन र आइसोलेसन व्यवस्थापनः** कार्यालयले कोभिडको जोखिममा रहेका व्यक्तिहरुको | |

व्यवस्थापनको लागि विभिन्न ४ स्थानमा क्वारेन्टाइन तथा होल्डिङ सेन्टर तयार गरेकोमा क्वारेन्टाइनमा बस्ने मानिसहरुको सख्या २२२० रहेको उल्लेख छ । क्वारेन्टाइनमा बस्ने मानिसहरुको खाना र व्यवस्थापनको लागि क्वारेन्टाइन स्थलको पायक पर्ने स्कुल हरुमा व्यवस्थापन गरे पनि सामाग्री खरीदको दररेट माग गरेको देखीएन । पालिकाले यस वर्ष ४ वटा उक्त केन्द्रको निर्माण र क्वारिन्टाइनमा रहेका व्यक्तिहरुको लागी रु १३७५०८३७।९५। खर्च गरेकोमा उक्त खर्चलाइ मितव्ययी रुपमा खर्च गरेको भनि विश्वस्त हुन सकिएन ।

६. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि खरीद गरेको (पिपिइ) स्वास्थ्य सामाग्रीको खरिद गरेको छ । खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालयले उपयुक्त खरिद विधि अवलम्बन गर्न नसक्दा पिपीइ सेट रु. ६००० देखि रु. ९५०० सम्ममा खरिद भएको देखिन्छ । न्यूनतम् र अधिकतम् मूल्यवीच धेरै अन्तर रहेकोले कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन ।

७. कोभिड-१९ केश इन्भेष्टिगेसन तथा कन्ट्याक ट्रेसिङ्ग टिम परिचालन तथा व्यवस्थापन गर्न ३ सदस्यीय टोली गठन गरी देहाय बमोजिमको कार्य गरेको देखिन्छ ।

| स्थानियतहको नाम | टीमको सदस्य संख्या | खर्च रकम | केश अनुसन्धान संख्या | कन्ट्याक्टमाआएकाव्यक्तिहरुकोपहीचान संख्या | सामान्य परामर्श फलोअप तथा रेफर संख्या | नमूना संकलन वा द्रुत परिक्षण संख्या |
|---|---|---|---|---|---|---|
| यशोधरा गाउपालिका क्षेत्र | ३ | | ५२ | ० | | नमुना=<br>PCR=११२०<br>RDT १०५० |

८. **राहात सामग्रीको खरिद र वितरणको परिमाणः** कार्यालयले देहाय अनुसार राहत समग्री रु. ३०९०८१८।०० मा खरिद गरी वितरण गरेको विवरण पेश गरेको छ ।

| राहत सामग्री | ईकाइ | खरिद परिमाण | प्रति इकाइ दर | वितरण परिमाण | राहात पाउने परिवार संख्या |
|---|---|---|---|---|---|
| चामल | के जी | २४६३० | ४७ | २४६३० | २४६३ |
| दाल | के जी | ८५ | ८५ | ८५ | |
| नुन | के जी | ४९२६ | २० | ४९२६ | |
| तेल | लिटर | २४६३ | १३१ | २४६३ | |

९. पालिकाले ७ वटा वडाका २४६३ परिवारलाइ दाल चामल नुन तेल लगायत खाद्यन्न वितरण गरेको देखिन्छ ।

## यशोधरा गाउँपालिका
## सञ्चित कोष विवरण आर्थिक वर्ष २०७६/७७

अनुसुची-१
(रु. हजारमा)

| क.स. | स्थानिय तह | जिल्ला | आय | | | | | जम्मा | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजश्व बाँडफाड रकम | आन्तरिक आय | अन्य आय | आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | यशोधरा गाउँपालिका | कपिलवस्तु | ८८७३७ | ३२२०७७ | ६५८१७ | ५६२८ | २५१६८ | ५०७४२७ | २२९७८४ | ७४६९२ | ४००७ | ३०८४८३ | १९८९४४ |

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

अनुसुची-२
(रु. हजारमा)

| क.स | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | कपिलवस्तु | यशोधरा गाउँपालिका | ९० | २९ | ४७०९६ | ० | ० | ० | ९० | २९ | ४७०९६ | ३४३५ | ४०६६ | १३०९६ | ० | ० | १७१६२ | २६४९९ | ० | २६४९९ |

अद्यावधिक बेरुजु स्थिती

अनुसुची-३
(रु. हजारमा)

| क.स | स्थानीय तहको नाम | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजु | यो बर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | यशोधरा गाउँपालिका | कपिलवस्तु | ३५७६९ | ० | ३५७६९ | ० | ४७०९६ | ८२८६५ |